# CIM
## Facts Newsletter

Issue 31, Ashoj 2081




021-515712
cim.biratnagar@gmail.com
Sahid Marg, Biratnagar-02

# बडा दशैं

विजया दशमी २०८१ को पावन
अवसरमा यहाँहरु सबैलाई सुख, शान्ति, समृद्धि,
सु-स्वाथ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

**राकेश सुराना**

अध्यक्ष

एवं उद्योग संगठन मोरङ, परिवार

# हाम्रो भनाइ

आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्कका आधारमा आयात १.२ प्रतिशत र निर्यात ३.० प्रतिशतले घटेको छ । त्योभन्दा अघिल्लो आर्थिक वर्ष अर्थात् २०७९/८० मा आयात १६.१ प्रतिशत र निर्यात २१.४ प्रतिशतले घटेको देखिन्छ। प्रतिशतमा कहिले धेरै र कहिले थोरै भए तापनि प्रत्येक वर्ष आयात र निर्यात घट्नुले देशको समग्र व्यापारको वस्तुस्थितिको दयनीय अवस्थालाई चित्रण गर्दछ । यही अवस्था कायम रहने र सुधारका लागि कुनै दीर्घकालीन योजना नबनाउने हो भने आगामी केही वर्षमा मुलुकको आर्थिक अवस्था थप भयावह र दयनीय हुने निश्चित छ।

त्यसैगरी गत आर्थिक वर्षमा बैङ्क तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन १३.० प्रतिशत वढेको भए पनि निजी क्षेत्रमा प्रवाहित कर्जा ५.८ प्रतिशतले मात्र बढेको देखिन्छ । यसबाट निजी क्षेत्र नयाँ लगानी तथा लगानी विस्तारमा इच्छुक नभएको स्पष्ट भइरहेको छ । हाल कायम रहेको निक्षेप सङ्कलन र लगानी बिचको बढ्दो अन्तरालको कारणलाई नीति-निर्माणका तहबाट सूक्ष्म अध्ययन गरी समाधानका लागि पहल नगर्ने हो भने भविष्यमा हाम्रो अर्थतन्त्र थप आयातमुखी र परनिर्भरमुखी हुँदै जाने कुरामा दुईमत छैन ।

पछिल्लो ३ आर्थिक वर्ष २०७८/७९, ७९/८० र ८०/८१ मा कुल गार्हस्थ उत्पादनको क्षेत्रगत योगदान हेर्दा औद्योगिक क्षेत्रको योगदान क्रमशः घट्तै गएको छ र १४.२४, १३.६० र १३.०० प्रतिशत भएको छ । कृषि र सेवा क्षेत्रमा यो दर सामान्य अङ्कमा भए पनि वृद्धि भएको छ। यसलाई सन्तोषजनक नै मान्नुपर्दछ। सम्मुनत र आर्थिक रूपले सबल राष्ट्र निर्माण गर्ने अनि नयाँ रोजगारी सिर्जना र बजारको आपूर्ति शृङ्खलालाई कायम राख्न महत्वपूर्ण योगदान पुऱ्याउने उद्योगको क्षेत्रगत योगदान घट्दै जानु चिन्ताको विषय हो।

वार्षिक तथ्याङ्कका आधारमा आयात- निर्यात, निक्षेप सङ्कलन तथा प्रवाहित कर्जा र कुल गार्हस्थ उत्पादनको क्षेत्रगत योगदानमा औद्योगिक क्षेत्रको खस्किँदो योगदानलाई बेलैमा निदान गरिनु आवश्यक छ। उक्त तथ्याङ्कले हामीले विगतमा निर्धारण गरेका नीतिलाई समग्र रूपमा पुनर्मूल्याङ्कन गरी त्यस्ता नीतिमा समयसापेक्ष सुधार गर्नुपर्ने आवश्यकता औँल्याएको छ। निजी क्षेत्रको विकास र विस्तार नभई मुलुक आर्थिक रूपले समृद्ध नहुने यथार्थलाई मनन गरी औद्योगिक व्यावसायिक क्षेत्रको वर्तमान परिस्थितिमा परिवर्तन ल्याउन र औद्योगिक इकोसिस्टमको पूर्णतया विकास गर्न राज्य गम्भीर हुनुपर्दछ अन्यथा समयले पर्खने छैन ।



## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८१-८२ को पहिलो महिनाको तथ्याङ्कमा आधारित



**०.६ प्रतिशतले**
घटेको छ, (आयात)।



**९.६ प्रतिशतले**
घटेको छ, (निर्यात)।



**४.१० प्रतिशत**
उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ।



**रू. ४० अर्ब ९० करोड**
वचत, शोधनान्तर स्थिति ।



**रू. १५ अर्ब ५८ करोड**
अमेरिकी डलर सञ्चिति, कुल विदेशी विनिमय ।



**०.७ प्रतिशत**
वढेको छ, बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ।




**०.३ प्रतिशतले**
बढेका छ, नीजि क्षेत्रमा प्रवाहित कर्जा ।



**१८.० प्रतिशतले**
विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा बढेको छ ।


श्रोतः नेपाल राष्ट्र बैंक

## Imports Chapter :

**Based on First Two Months (Shrawan-Bhadra) of FY 2081/82**

(Mid July 2024 to Mid September 2024)

*(figures are in Rs. Thousands)*




Source : Government of Nepal, Deartment of Customs

## Foreign Trade Direction :

**Based on First Two Months (Shrawan-Bhadra) of FY 2081/82**

(Mid July 2024 to Mid September 2024)

| S.N | Trade Indicators | FY 2080/81 (First Two Months) | FY 2081/82 (First Two Months) | Change (%) |
|---|---|---|---|---|
| 1. | Imports (Rs.in `000) | 259,749,898 | 262,542,626 | 1.08 |
| 2. | Exports (Rs.in `000) | 26,447,033 | 25,093,103 | -5.12 |
| 3. | Trade Deficit (Rs.in `000) | 233,302,865 | 237,449,523 | 1.78 |
| 4. | Total Foreign Trade (Rs.in `000) | 286,196,931 | 287,635,728 | 0.50 |
| 5. | Imports/Exports Ratio | 9.82 | 10.46 | 6.53 |
| 6. | Exports Share to Total Trade (%) | 9.24 | 8.72 | -5.59 |
| 7. | Imports Share to Total Trade (%) | 90.76 | 91.28 | 0.57 |

Source : Government of Nepal, Deartment of Customs

# Imports and Exports by Customs Offices :

## Based on First Two Months (Shrawan-Bhadra) of FY 2081/82

(Mid July 2024 to Mid September 2024)

*(Imports Value and Exports Value are in Rs. Thousands)*

| S.N | Customs | Imports Value | Import Share | Exports Value | Exports Share |
|---|---|---|---|---|---|
| 1. | BIRGUNJ | 84682406 | 32.25 | 5159931 | 20.56 |
| 2. | BHAIRAHAWA | 43271487 | 16.48 | 2072424 | 8.26 |
| 3. | DRYPORT | 37291422 | 14.20 | 888721 | 3.54 |
| 4. | BIRATNAGAR | 27086846 | 10.32 | 5046184 | 20.11 |
| 5. | TI AIRPORT | 21129119 | 8.05 | 6591077 | 26.27 |
| 6. | RASUWA | 11545132 | 4.40 | 177535 | 0.71 |
| 7. | NEPALGUNJ | 10768523 | 4.10 | 378474 | 1.51 |
| 8. | TATOPANI | 8946937 | 3.41 | 0 | 0.00 |
| 9. | MECHI | 7221448 | 2.75 | 3861952 | 15.39 |
| 10. | KAILALI | 3307661 | 1.26 | 165946 | 0.66 |

**Source : Government of Nepal, Deartment of Customs**

# Exports by Chapter :

## Based on First Two Months (Shrawan-Bhadra) of FY 2081/82

(Mid July 2024 to Mid September 2024)

*(figures are in Rs. Thousands)*

| No. | Chapter | Value |
|---|---|---|
| 01 | Coffee, tea, mate & spices | 2168624 |
| 02 | Carpets and other textil floor coverings | 2134787 |
| 03 | Man-made staple fibres | 2119100 |
| 04 | Iron and steel | 1956179 |
| 05 | Wood & articles of wood: wood charcoal | 1745397 |
| 06 | Apparel & clothing accessories | 1452003 |
| 07 | Preparations of vegetables, fruit, nuts | 1296538 |
| 08 | Food industries residues and wastes thereof | 1278278 |
| 09 | Wadding, felt & nonwovens, special yarns | 1168625 |
| 10 | Apparel & clothing accessories: knitted or crocheted | 949142 |

**Source : Government of Nepal, Deartment of Customs**

# विगतका वर्षमा स्वीकृति प्राप्त उद्योगको विवरण

| आर्थिक वर्ष | संख्या | कुल लगानी (रु. करोडमा) | स्थिर पूँजी (रु. करोडमा) | चालु पूँजी (रु. करोडमा) | अनुमानित रोजगारी |
|---|---|---|---|---|---|
| सुरुदेखि २०५७/५८ सम्म | २७३५ | १५६७९.८४ | ७५४९.३९ | ८०६७.५८ | २८८३५७ |
| २०५८/५९ | १३९ | २२६६.१६ | १८७४.७५ | ३९१.४२ | ११७४१ |
| २०५९/६० | १०९ | १३२०.३५ | ८६६.६० | ४५३.७४ | १२८७७ |
| २०६०/६१ | १४७ | १३२९.८४ | १०२१.९६ | ३०७.८८ | ११८१२ |
| २०६१/६२ | १०७ | १८००.३१ | १३७५.८८ | ४३४.४५ | ८४९० |
| २०६२/६३ | १२० | ९५२.७९ | ७१०.५८ | २४२.२० | १०३९८ |
| २०६३/६४ | १७७ | ८१२.३७ | ५९७.३० | २१९.५७ | ९२३२ |
| २०६४/६५ | २२७ | २०१२.५६ | १५५०.८८ | ४६१.९० | १२८४४ |
| २०६५/६६ | ३०१ | २६९६.१४ | २२५२.६९ | ४९१.५९ | २०३५९ |
| २०६६/६७ | २५८ | ३९२४.५४ | ३४३५.२८ | ४८९.२३ | १४५१० |
| २०६७/६८ | २४२ | ९०४१.५६ | ७७९१.३२ | १२५०.२४ | १३६८७ |
| २०६८/६९ | २७८ | ८४३०.७४ | ७९२५.६९ | ५०५.०४ | १६८३० |
| २०६९/७० | ४४६ | ११९६०.११ | १०७९८.३३ | ११६१.७९ | २८५३५ |
| २०७०/७१ | ३७१ | २९६८८.०५ | २८४२८.१६ | १२५९.८९ | २१५०० |
| २०७१/७२ | ४६६ | १३८७५.१३ | १२८६०.२८ | १०१४.८४ | २२७८५ |
| २०७२/७३ | ४०८ | १२०३७.७८ | १०३९६.०४ | १६४१.७४ | १८७३७ |
| २०७३/७४ | ५०८ | १६२९५.२० | १४४९०.७३ | १८०४.४८ | २६४७८ |
| २०७४/७५ | ४९८ | ३४९८५.१२ | ३२८५४.४६ | २१३०.६६ | २७५४४ |
| २०७५/७६ | ४३९ | २८३३५.२६ | २६४१६.९५ | १९१८.३१ | २३०४३ |
| २०७६/७७ | २७७ | १५२६२.५३ | १४०३९.२० | १२२३.३३ | १७३८८ |
| २०७७/७८ | २०३ | १५६६४.०५ | १४२९४.०९ | १३६९.९६ | ११८३३ |
| २०७८/७९ | ३०८ | ३३९५९.१६ | २७७८५.६४ | ६१७३.५२ | २८०२३ |
| २०७९/८० | ३२२ | २१४२२.९० | १७९६४.३८ | ३४५८.५२ | २३३२४ |
| २०८०/८१* | २५८ | १५५१८.०० | १२३५१.८५ | ३१६६.१८ | १८१८३ |
| सुरुदेखि २०८० असारसम्म | ९३४४ | २९९२७०.४७ | २५९६३२.४२ | ३९६३८.०५ | ६९८५१० |

स्रोत : उद्योग विभाग,

# कुल विदेशी लगानी

| आर्थिक वर्ष | संख्या | कुल विदेशी लगानी (रकम रु. करोडमा) | रोजगारीको संख्या |
|---|---|---|---|
| सुरुदेखि २०५० असारसम्म | २२० | ५६५ | ४३,०६३ |
| २०५०/५१ | ३८ | १३८ | ४७३४ |
| २०५१/५२ | १९ | ४८ | २३८६ |
| २०५२/५३ | ४७ | २२२ | ८०३२ |
| २०५३/५४ | ७७ | २४० | ९३४७ |
| २०५४/५५ | ७७ | २०० | ४३३६ |
| २०५५/५६ | ५० | १६७ | २१४६ |
| २०५६/५७ | ७१ | १४२ | ४७०३ |
| २०५७/५८ | ९६ | ३०० | ६८८० |
| २०५८/५९ | ७७ | १२१ | ३७७१ |
| २०५९/६० | ७४ | १७९ | ३५७२ |
| २०६०/६१ | ७८ | २७६ | २१५४ |
| २०६१/६२ | ६३ | १६४ | ५५५९ |
| २०६२/६३ | ११६ | २६१ | ७३५८ |
| २०६३/६४ | १८८ | ३१९ | ७३८९ |
| २०६४/६५ | २१३ | ९८१ | १०७०९ |
| २०६५/६६ | २३१ | ६२६ | १११०८ |
| २०६६/६७ | १७१ | ९१० | ७८४८ |
| २०६७/६८ | २१० | १००५ | १०९०२ |
| २०६८/६९ | २२६ | ७१४ | ९०३५ |
| २०६९/७० | ३१७ | १९८२ | १६५६९ |
| २०७०/७१ | ३०७ | २०१३ | ११७९० |
| २०७१/७२ | ३७० | ६७४६ | १३१६७ |
| २०७२/७३ | ३४८ | १५२५ | ११६६३ |
| २०७३/७४ | ४०० | १५२१ | ११८४२ |
| २०७४/७५ | ४०० | ५५७६ | १३९४० |
| २०७५/७६ | ३४५ | २५४८ | १४५९४ |
| २०७६/७७ | २२३ | ३७८१ | १०८३९ |
| २०७७/७८ | १८५ | ३२१७ | ५९४३ |
| २०७८/७९ | २९५ | ५४१६ | १६९०५ |
| २०७९/८० | ३२६ | ३०७० | १६९६५ |
| २०८०/८१* | २५३ | २९१३ | १३०१७ |
| शुरुदेखि २०८० फागुनसम्म | ६,१११ | ४७,८८५ | ३२२,२६६ |



स्रोत : उद्योग विभाग,

# कम्पनी दर्ताको विवरण

| आर्थिक वर्ष | प्राइभेट लि. | पब्लिक लि. | मुनाफा वितरण नगर्ने | बिदेशी शाखा/सम्पर्क /बैदेशिक लगानी | जम्मा |
|---|---|---|---|---|---|
| २०७० असारसम्म | ११३,०५८ | १,३८९ | ४९८ | १,२६६ | ११६२११ |
| २०७०/७१ | ९,८९५ | ३९ | ९४ | १८० | १०२०८ |
| २०७१/७२ | १२,१५१ | ४७ | २०१ | २३५ | १२६३४ |
| २०७२/७३ | १४,३७१ | ७७ | २८९ | २३० | १४९६७ |
| २०७३/७४ | १७,९७४ | ११७ | ३९६ | ३०१ | १८७८८ |
| २०७४/७५ | २१,५१५ | ८५ | ४४२ | २८८ | २२३३० |
| २०७५/७६ | २४,५८५ | ८१ | ५८३ | २५१ | २५५०० |
| २०७६/७७ | १७,९७१ | ४५ | ४०७ | २१५ | १८६३८ |
| २०७७/७८ | २५,७८८ | ५८ | ५४४ | ११५ | २६५०५ |
| २०७८/७९ | २८,०७६ | ६८ | ७२३ | १५० | २९०१७ |
| २०७९/८० | २०,४६९ | ८५ | ६८२ | १८२ | २१४१८ |
| २०८०/८१* | १६,५१० | २ | ६५ | १३ | १६५९० |
| २०८१ फागुनसम्म | ३२२३६३ | २०९३ | ४९२४ | ३४२६ | ३३२८०६ |

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## Bank Base Rates- Ashoj 2081

| Bank | Rate | Rate | Bank |
|---|---|---|---|
| Standard Chartered Bank | 6.03% | 7.74% | Siddhartha Bank |
| Rastriya Banijya Bank | 6.37% | 7.77% | Prabhu Bank |
| Everest Bank | 7.04% | 7.80% | Machhapuchhre Bank |
| Nabil Bank | 7.24% | 7.91% | Nepal SBI Bank |
| Nepal Bank Ltd. | 7.28% | 8.17% | Laxmi Sunrise |
| Global IME Bank | 7.47% | 8.25% | Citizens Bank Int'l |
| Nepal Investment Mega Bank | 7.49% | 8.35% | Prime Commercial Bank |
| Agriculture Dev. Bank | 7.64% | 8.46% | Kumari Bank |
| Sanima Bank | 7.65% | 8.63% | Himalayan Bank |
| NMB Bank | 7.72% | 9.06% | NIC ASIA Bank |

Source : bankbyaj.com

# विद्युत उत्पादन तथा खपतको स्थिति

(दश लाख किलो वाट घण्टामा)

| आर्थिक वर्ष | उत्पादन तथा खपत | | | | | | | | उच्चतम भार (मे.वा.) | आदानप्रदान सम्झौता अन्तर्गत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गार्हस्थ | औद्योगिक | व्यापारिक | निर्यात | अन्य | जम्मा | विद्युत ह्रास | उत्पादन र आयात | | आयात | निर्यात |
| २०७०/७१ | १५७१ | १२५२ | २८५ | ३ | ३८५ | ३४९६ | ११९१ | ४६८७ | १२०१ | १३१९ | ३ |
| २०७१/७२ | १६७९ | १३५२ | ३०० | ३ | ४१० | ३७४४ | १२६३ | ५००७ | १२९१ | १३७० | ३ |
| २०७२/७३ | १७९७ | १२०६ | २८६ | ३ | ४२७ | ३७१९ | १३५८ | ५०७७ | १३८५ | १७७८ | ३ |
| २०७३/७४ | २१६४ | १७१९ | ३५१ | ३ | ५४० | ४७७७ | १४८१ | ६२५८ | १४४४ | २१७५ | ३ |
| २०७४/७५ | २४४२ | २०७४ | ४०८ | ३ | ६३३ | ५५६० | १४९८ | ७०५८ | १५०८ | २५८२ | ३ |
| २०७५/७६ | २६६६ | २४२२ | ४६६ | ३५ | ७४९ | ६३३८ | १२१३ | ७५५१ | १३२० | २८१३ | ३५ |
| २०७६/७७ | २८५२ | २३०१ | ४८७ | १०७ | ७८१ | ६५२९ | १२१२ | ७७४१ | १४०८ | १७२९ | १०७ |
| २०७७/७८ | ३१३८ | २८१६ | ५११ | ४४ | ८०९ | ७३१८ | १५६० | ८८७८ | १४८२ | २८२६ | ४४ |
| २०७८/७९ | ३७१९ | ३४४३ | ६५५ | ४९३ | १००७ | ९३१७ | १७४७ | ११०६४ | १७४८ | १५४३ | ४९३ |
| २०७९/८० | ३८९७ | ३५८६ | ७३७ | १३३३ | ११४३ | १०६९६ | १६७४ | १२३७० | १९८६ | १८५५ | १३३३ |
| २०८०/८१* | २७७२ | २३९३ | ५३० | १४८१ | ८४१ | ८०१७ | ९७८ | ८९९५ | २०२१ | ९७८ | १४८१ |

ToE: Tones of Oil Equivalent

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय,

# विद्युत माग, खपत, उत्पादन एवं भौतिक संरचना

(दश लाख किलो वाट घण्टामा)

| विवरण | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ को प्रथम आठ महिनासम्मको उपलब्धी | २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उत्पादन* (मे.वा.) | ८२९ | ८५६ | ९७२ | १०७४ | ११८२ | १३३३ | १४५१ | २१९० | २६८४ | २८९१ | ३६३५ |
| प्रसारण लाइन (किलोमिटर) | २८४९ | ३००६ | ३४८३ | ३५३८ | ३६३४ | ३७३० | ३९७७ | ४५७७ | ५७४२ | ६२०७ | ६६०० |
| ग्राहक संख्या (हजारमा)** | २८३३ | २९६९ | ३२५७ | ३५७४ | ३९०९ | ४२१९ | ४५२९ | ४७६६ | ५१३४ | ५३७४ | ५४७६ |
| वितरण लाइन (किलोमिटर) | १२३८२८ | १२४११५ | १२४९७६ | १२५८२५ | १२७२४५ | १३०४०१ | १३२६५० | १३६५९५ | १४५२७० | १४७३७० | १४८४५० |
| उपलब्ध उर्जा (गि.वा.आ.) | ५००७ | ५०७७ | ६२५८ | ७०५८ | ७५५१ | ७७४१ | ८८५१ | ११०६४ | १२३७० | ९३६० | १७१३५ |
| उच्चतम माग (मे.वा.) | १२९१ | १३८५ | १४४४ | १५०८ | १३२० | १४०८ | १४८२ | १७४८ | १९८६ | २०२१ | २२८० |
| भारतबाट विद्युत आयात (गिगा वाट घण्टा) | १३७० | १७७८ | २१७५ | २५८२ | २८१३ | १७२९ | २८२६ | १५४३ | १८५४ | ९२८ | ११८६ |
| विद्युत चुहावट (प्रतिशतमा) | २४.४ | २५.८ | २२.९ | २०.५ | १५.३ | १५.३ | १७.२ | १५.४ | १३.५ | | १३.० |
| प्रति व्यक्ति विद्युत खपत | १३३ | १३१ | १६४ | १९८ | २३३ | २४० | २४६ | ३०४ | ३८० | | ४१५ |
| विद्युतमा पहुँच प्राप्त जनसंख्या (प्रतिशतमा) | ६१.९ | ६३.२ | ६८.३ | ७४.५ | ७८.० | ८६.४ | ८९.७ | ९२.५ | ९५.० | ९६.७ | |

**सामुदायिक उपभोक्ता समावेश नभएको

*Independent Power Producer(IPP) को विद्युत उत्पादन समेत समावेस गरिएको छ।

स्रोतः उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय,

# ऊर्जा खपतको विवरण

| स्रोत | आर्थिक वर्ष | | | | | | | | | प्रथम आठ मिहना | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७९/८० | २०८०/८१ |
| | ००० ToE | ००० ToE | ००० ToE | ००० ToE | ००० ToE | ००० ToE | ००० ToE | ००० ToE | ००० ToE | ००० ToE | ००० ToE |
| परम्परागत | ९१०४ | ९२२८ | ९३१९ | ९४७३ | ९६०१ | ९६२५ | ९९०१ | ९९२९ | ८१२२ | ६६१९ | ५५२५ |
| दाउरा | ८२६४ | ८३७६ | ८४५९ | ८६०४ | ८७२० | ८७६२ | ९०२३ | ८९०५ | ७२७६ | ५९३६ | ५१३१ |
| कृषि अवशेष | ४०८ | ४१४ | ४१८ | ४२५ | ४३१ | ४३६ | ४४९ | ७६२ | ६१२ | ५०८ | २५८ |
| गुइँठा | ४३२ | ४३८ | ४४२ | ४४४ | ४५० | ४२७ | ४२९ | २६२ | २३४ | १७४ | १३६ |
| व्यपारिक | २३३१ | २२४८ | ३२५३ | ३७१५ | ४११५ | ४४८८ | ४७२० | ४८४२ | ४२०१ | २३४५ | २६५३ |
| कोइला | ४६५ | ५३६ | ६६४ | ७६२ | ९७० | १०४६ | १४३६ | ११११ | ८१२ | ४२५ | ५७९ |
| पेट्रोलियम पदार्थ | १४६९ | १२७५ | २०८८ | २३८८ | २६३३ | २८९५ | २६५८ | २८३९ | २४६९ | १३२५ | १४७१ |
| विद्युत | ३९७ | ४३७ | ५०१ | ५६५ | ५१२ | ५४७ | ६२६ | ८९२ | ९१९ | ५९५ | ६०३ |
| नविकरणीय | २९२ | २९२ | २९४ | २९६ | २९९ | ३५२ | ३०७ | ३५९ | ३९४ | ३६३ | ३९६ |
| कुल जम्मा | ११७२७ | ११७६८ | १२८६६ | १३४८४ | १४०१५ | १४४६५ | १४९२८ | १५१३० | १२७१६ | ९३२७ | ८५७४ |

ToE: Tones of Oil Equivalent

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय,

# वृहत औद्योगिक वर्गीकरण अनुसारको प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर

## उत्पादनमुलक उद्योग

| प्रदेश | २०७९/८० | २०८०/८१ |
|---|---|---|
| कोशी | -२.६७ | -२.६७ |
| मधेस | -२.४२ | -०.९८ |
| वागमती | -१.४४ | -१.४१ |
| गण्डकी | -२.०३ | -१.४५ |
| लुम्बिनी | -२.२२ | -१.२३ |
| कर्णाली | -१.०० | ०.६४ |
| सुदूरपश्चिम | -२.२८ | -१.८२ |
| कुल मूल्य अभिवृद्धि | -१.९८ | -१.६० |

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

# समष्टिगत आर्थिक परिसूचकहरु

| प्राइभेट लि. | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (रू.) | ८६७० | ९४४० | ११०३६ | १२२८२ | १३५८९ | १३५६९ | १५०५० | १७०५१ | १८१५७ | १९१८९ |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा) | ७.११ | ८.८८ | १६.९१ | ११.२९ | १०.६४ | -०.१५ | १०.९१ | १३.३० | ६.४९ | ५.६८ |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय (रू.) (प्रचलित मूल्यमा) | ८७९२ | ९५६३ | १११४७ | १२३६२ | १३७२९ | १३७३० | १५१३० | १७१४९ | १८३६९ | १९४८३ |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय वृद्धिदर (प्रतिशतमा) | ७.०६ | ८.७६ | १६.५६ | १०.९० | ११.०६ | ०.०० | १०.२० | १३.३५ | ७.११ | ६.०७ |
| प्रति व्यक्ति कुल खर्चयोग्य राष्ट्रिय आय (रू.) (प्रचलित मूल्यमा) | ११३३२ | १२३७९ | १४२०२ | १५४३५ | १७२३२ | १७१५७ | १८८३४ | २०९७९ | २२९४६ | २४६६५ |
| "पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलापहरु" | ७.९० | ९.२४ | १४.७२ | ८.६८ | ११.६५ | -०.४४ | ९.७८ | ११.३९ | ९.३८ | ७.४९ |
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा) | ६६६२ | ६७७० | ७३१० | ७७९६ | ८२३९ | ७९७१ | ८२८० | ८६६७ | ८७५५ | ९०११ |
| थोक तथा खुद्रा व्यापार, गाडि तथा मोटरसाइकल मर्मत सेवा | २.५९ | १.६१ | ७.९९ | ६.६४ | ५.६९ | -३.२६ | ३.८८ | ४.६७ | १.०२ | २.९२ |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय (स्थिर मूल्यमा) | ६८३७ | ६९४५ | ७५६६ | ८१४० | ८६६४ | ८२४२ | ८७५८ | ९१२३ | ८९७८ | ९२५३ |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय वृद्धिदर (प्रतिशतमा) | २.५० | १.५७ | ८.९४ | ७.५९ | ६.४४ | -४.८७ | ६.२७ | ४.१६ | -१.५८ | ३.०५ |
| प्रति व्यक्ति कुल खर्चयोग्य राष्ट्रिय आय (स्थिर मूल्यमा) | ८८१२ | ८९९० | ९६३९ | १०१६३ | १०८७५ | १०२९९ | १०९०३ | १११६० | ११२१६ | ११७१३ |
| प्रति व्यक्ति कुल खर्चयोग्य राष्ट्रिय आय वृद्धिदर (प्रतिशतमा) | ३.३१ | २.०२ | ७.२१ | ५.४४ | ७.०० | -५.२९ | ५.८६ | २.३६ | ०.५० | ४.४४ |

## प्रति व्यक्ति आय (अमेरिकी डलर)

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन | ८७१ | ८८८ | १०३९ | ११७७ | १२०४ | ११६७ | १२७७ | १४११ | १३८९ | १४३४ |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय | ८८४ | ८९९ | १०४९ | ११८४ | १२१६ | ११८० | १२८४ | १४१९ | १४०५ | १४५६ |
| प्रति व्यक्ति कुल खर्चयोग्य राष्ट्रिय आय | ११३९ | ११६४ | १३३७ | १४७९ | १५२७ | १४७५ | १५९८ | १७३६ | १७५५ | १८४३ |

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा

| प्राइभेट लि. | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल उपभोग खर्च | ९२.३७ | ९६.३६ | ८७.०२ | ८५.२१ | ८४.७० | ९४.२८ | ९३.६३ | ९३.४२ | ९२.५९ | ९२.३८ |
| कुल गार्हस्थ्य बचत | ७.६३ | ३.६४ | १२.९८ | १४.७९ | १५.३० | ५.७२ | ६.३७ | ६.५८ | ७.४१ | ७.६२ |
| कुल राष्ट्रिय बचत | ३८.३३ | ३४.७८ | ४१.६७ | ४०.४७ | ४२.१२ | ३२.१६ | ३१.५२ | २९.६३ | ३३.७९ | ३६.१५ |
| वस्तु तथा सेवाको निर्यात | १०.२१ | ८.१८ | ७.८१ | ७.८२ | ७.७८ | ६.८१ | ५.१२ | ६.७० | ६.९६ | ७.९४ |
| वस्तु तथा सेवाको आयात | ३६.४५ | ३३.९४ | ३६.८३ | ४०.६३ | ४१.४७ | ३४.११ | ३७.९३ | ४२.२७ | ३४.६८ | ३३.७० |
| कुल स्थिर पुँजी निर्माण (कुल स्थिर लगानी) | २७.५५ | २८.७१ | ३०.५८ | ३२.४३ | ३३.८२ | ३०.४७ | २९.३४ | २८.९८ | २५.०८ | २४.४५ |
| श्रोत अन्तर (कुल राष्ट्रिय बचत-कूल लगानी) | ४.४७ | ५.३८ | -०.३३ | -७.१४ | -६.८८ | -०.८७ | -७.६७ | -१२.५३ | -१.३५ | २.७८ |
| विप्रेषण आय | २५.४७ | २५.५० | २२.६० | २१.८५ | २२.७९ | २२.५० | २२.०८ | २०.२४ | २२.८२ | २२.९६ |
| अप्रत्यक्ष कर (वस्तु तथा सेवामा लाग्ने कर) | ९.८४ | १०.२८ | ११.६४ | १२.९४ | १३.४५ | ११.९० | १४.७० | १४.५३ | ११.४४ | ११.५१ |
| कुल कर राजस्व | १४.७ | १६.१ | १७.८ | १९.१ | १८.९ | १८.० | २०.० | १९.८ | १६.२ | १६.७ |
| विनिमय दर (१ अमेरिकी डलर =...... रूपैंया) | ९९.४९ | १०६.३५ | १०६.२१ | १०४.३७ | ११२.८८ | ११६.३१ | ११७.८७ | १२०.८४ | १३०.७५ | १३३.८२ |
| जनसंख्या (दश लाखमा) | २७.९५ | २७.६३ | २७.८८ | २८.१४ | २८.४० | २८.६६ | २८.९२ | २९.१९ | २९.४६ | २९.७३ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८१

# श्रम ऐन, २०७४ को प्रमुख व्यवस्थाहरू:

१) यो ऐन नाफामुलक वा गैर-नाफामुलक सबै प्रतिष्ठानमा लागू हुन्छ ।

२) बिना रोजगार सम्झौता कसैलाई काममा लगाउन हुँदैन । रोजगार सम्झौतामा पारिश्रमिक, सुविधा, रोजगारका शर्तहरू तथा तोकेको अन्य कुरा उल्लेख हुनु पर्दछ ।

३) रोजगारदाताले सुरुको ६ महिना कर्मचारीलाई परीक्षणकालमा रहने गरी सम्झौता गर्न सक्दछ । सो ६ महिनामा काम सन्तोषजनक नभएपछि रोजगार सम्झौता अन्त गर्न सकिन्छ ।

४) विदेशी नागरिकलाई बिना श्रम ईजाजत काममा लगाउन पाउँदैन ।

५) दैनिक ८ घण्टा र हप्तामा ४८ घण्टा सामान्य काम गर्ने समय र दैनिक ४ घण्टा तथा हप्तामा २४ घण्टा सम्म ओभरटाइम काम गर्न सकिन्छ ।

६) ओभरटाइम काम गरेको समयमा सामान्य पारिश्रमिकको डेढी (१.५ गुणा) पारिश्रमिक दिनु पर्दछ ।

७) पारिश्रमिक भुक्तानीको समयान्तर १ महिना भन्दा बढी हुनु हुदैन् र सबै पारिश्रमिक सम्बन्धित कर्मचारीको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्दछ ।

८) १ वर्ष काम गरेको कर्मचारीलाई १ महिनाको आधारभूत (बेसिक) पारिश्रमिक बराबर चाडपर्व खर्च दिनु पर्ने हुन्छ ।

९) सञ्चयकोष: आधारभूत तलबको १०% कर्मचारीबाट कट्टा गरि रोजगारदाता ले त्यतिनै रमक थप गरी सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्दछ ।

१०) उपदान (Gratuity): रोजगारदाताले आधारभूत तलबको ८.३३% मासिक उपदान बापत सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्दछ ।

११) रोजगारदाताले हरेक कर्मचारीको कम्तीमा १ लाख बराबर औषधि उपचार बीमा गराउनु पर्ने हुन्छ । यसको बीमा प्रीमियम रोजगारदाता र कर्मचारीले आधा आधा व्यहोर्नु पर्छ ।

१२) रोजगारदाताले हरेक कर्मचारीको कम्तीमा ७ लाख बराबर दुर्घटना बीमा गराउनु पर्ने हुन्छ ।

१३) सामाजिक सुरक्षा कोषमा योगदान गर्ने संस्थाले बुँदा ११ र १२ बमोजिम छुट्टै बीमा गर्नु पर्दैन ।

१४) हरेक प्रतिष्ठानले श्रम सम्बन्धी कानूनहरु परिपालना भए न भएको यकीन गर्न श्रम अडिट गर्नु पर्छ । यसको प्रतिवेदन कार्यालय वा निरीक्षकलाई मागेको बेला उपलब्ध गराउनु पर्दछ ।

१५) समय समय मा तोकिने न्यूनतम पारिश्रमिक भन्दा कम हुने गरी पारिश्रमिकमा काम लगाउन पाइँदैन ।

१६) नियुक्ति पत्र र रोजगार सम्झौता बिना काम लगाएमा प्रति श्रमिक १० हजारका दरले ५ लाख सम्म जरिवाना हुन्छ ।

१७) न्यूनतम पारिश्रमिक भन्दा कममा काम गराएमा कम भएको रकम र दुई गुणा हर्जाना कर्मचारीलाई भुक्तानी गर्न कार्यालयले आदेश दिन सक्दछ ।

१८) कार्यालयलाई श्रम कानून सम्बन्धी झुट्टा विवरण दिएका २० हजार जरिवाना लाग्दछ ।

१९) सुविधा नदिएमा: संचय कोष, उपदान, बीमा वा सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने रकम को सुविधा न दिएमा छतिपूर्ती र दोब्बर हर्जाना लाग्दछ ।

# किरण केक पार्लर प्रा.लि.

विराटनगर र आसपासका क्षेत्रका बासिन्दाबिच किरण केक पार्लर परिचित नाम हो । यस उद्योगले उत्पादन गरेका बेकरी, बिस्कुट र आइसक्रिमले स्थानीय बजारमा राम्रो पकड जमाएको छ । उद्योगका सम्पूर्ण उत्पादनहरु शतप्रतिशत भेजीटेरीयन हुने गरेका छन । विराटनगरवासीले कुनै न कुनै समय यस उद्योगको उत्पादन अवश्य पनि प्रयोग गरेको हुनुपर्छ । उद्योगले पछिल्ला दिनमा आफ्ना उत्पादनको बजारलाई विराटनगरमा मात्र सीमित नराखी मोरङ र सुनसरीका अन्य स्थानमा समेत निरन्तर विस्तार गर्दै लगेको छ ।

विराटनगर महानगरपालिका वडा नं. १० स्थित किरण केक पार्लर प्रा.लि. महिलाद्धारा संचालित उद्योग हो । वि.स. २०६१ साल देखि संचालनमा आएको उक्त उद्योगको अधिकृत पुँजी २५ लाख रहेको छ । यस उद्योगले कच्चा पदार्थका रूपमा मैदा, चिनी, तेल, दुध, क्रिम आदिको प्रयोग गरी बेकरी, बिस्कुट र आइसक्रिम उत्पादन गर्दै आएको छ । उद्योगले १२ पुरुष र ५ महिला गरी १७ जनालाई रोजगारी उपलब्ध गराएको छ ।

यस उद्योगले उत्पादन गर्ने मुख्यतया केक, कुकिज, पेस्ट्रिज र आइसक्रिम लगायतका उत्पादन विराटनगरमा रहेका विभिन्न ४ वटा र रंगेलीमा १ र सुनसरी ईनरुवाको १ आउटलेटबाट विक्रीवितरण गर्दै आएको छ । यस उद्योगका उत्पादनले विराटनगरको अनुमानित ६० प्रतिशत बजार हिस्सा लिन सफल भएको छ । उद्योगले आगामी दिनमा नजिकका अन्य सहरहरुमा पनि बजार विस्तार गरी आउटलेट खोल्ने योजना बनाएको छ ।

**किरण केक पार्लर प्रा.लि. संगठनको सदस्य उद्योग हो ।**








# चेक क्लियरिङमा लाग्ने भ्याट रकम उद्योगीले फिर्ता नपाउने

सामान्यतया भ्याटमा दर्ता भएको करदाताले वस्तु तथा सेवाको उत्पादनको लागतमा लागेको करलाई कट्टी गर्न पाउने विश्वव्यापी नियम र मान्यता रहिआएको छ। नेपालमा पनि यही अभ्यास भइरहेको छ। तर तीन दशक पहिले नै खुला बजार र उदारीकरणको नीति अपनाइसकेको नेपालले यदाकदा करफिर्ता वा करसमायोजनको सामान्य अवधारणालाई पनि बिर्सने गरेको छ।

चेकको क्लियरेन्समा लाग्न थालेको भ्याट उद्योगीले फिर्ता नपाउने भएपछि नेपालले भ्याट क्रेडिटको विश्वव्यापी मान्यतालाई अवज्ञा गरेको देखिएको हो ।

उदाहरणका लागि 'क' नामको उद्योगले 'ख' नामको होलसेलरबाट भुक्तानीबापत एक करोड रूपैयाँको एकाउन्ट पेई चेक पाउँछ । यसपछि 'क' ले उक्त चेक क्लियरिङका लागि आफ्नो कारोबार भइरहने बैङ्कमा पठाउँछ ।

बैङ्कले त्यस चेकलाई नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल) मा क्लियरिङका लागि प्रेषित गर्छ। एनसिएचएलले उक्त चेकको रकम 'ख' को बैङ्क खाताबाट निकालेर 'क' को बैङ्क खातामा जम्मा गरिदिन्छ। यसबापत एनसिएचएलले 'क' सित सेवाशुल्क असुल गर्छ किनकि उसले 'क' लाई सेवा दिएको हो ।

मानौं सेवाशुल्क एक सय रूपैयाँ भयो । साउन १ देखि यही सेवाशुल्क अर्थात् क्लियरिङ चार्जमा भ्याट लाग्न थालेको हो । अब यस प्रक्रियामा एनसिएचएलले बैङ्कसित असार ३१ सम्मको जस्तो एक सय मात्र असुल गर्दैन । यसमा भ्याट पनि जोडेर ११३ रूपैयाँ लिन्छ र बैङ्कलाई भ्याट बिल पठाउँछ ।

तर बैङ्कले यस प्रकरणमा भ्याटबापत तिरेको १३ रूपैयाँ क्रेडिट गर्न पाउँदैन किनकि नेपालमा कुनै पनि बैङ्क भ्याटमा दर्ता छैनन् । भ्याटमा दर्ता नहुने कम्पनीले भ्याटबापत भुक्तानी गरेको रकम क्रेडिट पाउँदैनन् ।

बैङ्कले एनसिएचएललाई क्लियरिङबापत तिरेको ११३ रूपैयाँ 'क' बाट असुल गर्ने हो किनकि 'क' लाई बैङ्कले सेवा उपलब्ध गराएको छ। जसअनुसार बैङ्कले उक्त ११३ रूपैयाँ 'क' को खाताबाट डेबिट गर्छ। तर बैङ्कले 'क' लाई ११३ रूपैयाँको भ्याट बिल दिन सक्तैन, किनकि बैङ्क भ्याटमा दर्ता छैन र उसले भ्याट बिल काट्न मिल्दैन ।

जबकि 'क' ले भ्याटबापतको १३ रूपैयाँ क्रेडिट पाउनुपर्ने हो, कारण उसले औद्योगिक प्रयोजनका लागि चेक क्लियरेन्सको सेवा खरिद गरेको छ । 'क' ले उक्त १३ रूपैयाँ बैङ्क स्टेटमेन्टको प्रमाण देखाएर आयकर प्रयोजनका लागि खर्चकट्टी गर्न पाउँछ तर करकट्टी गर्न पाउँदैन किनकि ऊसित १३ रूपैयाँ भ्याट तिरेको करबीजक हुँदैन ।

आन्तरिक राजस्व कार्यालय भक्तपुरका प्रमुख दिलिप गौतमले बैङ्क स्टेटमेन्टका आधारमा कुनै पनि व्यवसायीलाई भ्याट क्रेडिट दिन नसकिने बताए। उनका अनुसार बैङ्क स्टेटमेन्टमा 'क' ले तिरेको उक्त १३ रूपैयाँ भ्याट रकम भएको खुलाइएको रहेछ भने मात्र उसले भ्याट क्रेडिट पाउँछ। तर क्लियरिङ चार्ज, सेवाशुल्क वा अन्य कुनै शीर्षक छ भने पाउँदैन ।

यसरी सरकारले नयाँ बजेटमार्फत् उद्योगले उत्पादनको प्रयोजनमा तिरेको भ्याटलाई दाबी गर्न पाउने विश्वव्यापी मान्यता र सिद्धान्तलाई उल्लङ्घन हुने कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। एकातिर सरकार व्यवसायीलाई सम्पूर्ण कारोबार बैङ्किङ प्रक्रियामार्फत् गर्न आग्रह गरिरहेको छ तर अर्कातिर क्लियरेन्सको शुल्कमा समेत भ्याट लगाएर बैङ्किङ च्यानलमा जान हतोत्साहित गरिरहेको छ। यसरी सरकारको नीति र कार्यक्रम आफैंमा उद्योगविरोधी, विश्वव्यापी मान्यताको विपरीत र विरोधाभासपूर्ण देखिन्छ ।

सरकारले व्यवसायीलाई बैङ्किङ प्रक्रियाबाट बढीभन्दा बढी कारोबार गर्न प्रेरित गर्ने हो भने सेवाशुल्क नामका सबै प्रकारका भुक्तानीलाई बन्द गर्नुपर्छ। लिनै नपर्ने क्लियरिङ चार्जमा अझ भ्याट लगाएर सरकारले झन् नराम्रो गरेको छ। नेपाल राष्ट्र बैङ्कले निकट भविष्यमै जारी गर्ने मौद्रिक नीतिले यसलाई सम्बोधन गर्नु आवश्यक छ।

# प्राविधिकका लागि विभिन्न तालिम सञ्चालन



उद्योग संगठन मोरङ, सिप विकास एकाइको आयोजना तथा इन्स्योर परियोजनाको प्राविधिक सहयोगमा सिप स्तरोन्नति तालिमअन्तर्गत इन्डस्ट्रियल अटोमेसन, लेथ सेटर अपरेटर, प्रिन्टर सेटअप तथा मरम्मतसम्भार विषयमा तालिम सञ्चालन गरिएको छ ।



विभिन्न उद्योग प्रतिष्ठानमा कार्यरत प्राविधिकका लागि आयोजना गरिएको २४ दिने तालिमले सहभागिलाई आफ्नो जिम्मेवारी दक्षतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउने उद्देश्य संगठनले राखेको छ । सैद्धान्तिक र व्यावहारिक दुवै पक्ष समेटी सञ्चालन गरिएको तालिम अवधिमा सहभागीलाई विषयगत आधारभूत ज्ञान र सिप प्रदान गरिएको छ । यसबाट मेसिन व्यवस्थापन लगायतका विषयमा क्षमता अभिवृद्धि हुने विश्वास संगठनले गरेको छ ।



संगठनको सचिवालयमा भदौ २६ देखि सञ्चालन भएको इन्डस्ट्रियल अटोमेसन तालिममा २० प्राविधिकको सहभागिता छ । त्यस्तै बुढीगंगा गाउँपालिका बाँसबारीस्थित जे.पी. इन्जिनियरिङ वर्कसपमा भादौ २७ देखि सञ्चालित लेथ सेटर अपरेटर तालिममा १५ जना र ओसियनिक ऐजुकेसन सर्भिसमा भाद्र ३१ गतेदेखि सञ्चालित प्रिन्टर सेटअप तथा मरम्मतसम्भार तालिममा २० प्राविधिकको सहभागिता छ ।

# औद्योगिक प्रशिक्षणका लागि परामर्श



उद्योग संगठन मोरङ, सीप विकास ईकाई र इन्स्योर परियाजनाले सुनसरीका दुहबी र रामधुनी नगरपालिकामा औद्योगिक प्रशिक्षार्थी हुन चाहने युवाका लागि परामर्श कार्यक्रम आयोजना गरेको छ ।

सरकारले चालु आर्थिक वर्षमा कोशी प्रदेशअन्तर्गतका विभिन्न ११ वटा प्राविधिक शिक्षालयमा ४ सय प्राविधिकलाई दिन लागेको प्राविधिक शिक्षाबारे जानकारी दिन दुबै नगरपालिकाले परामर्श कार्यक्रम चलाएको हो ।

नेपाल सरकारले स्विजरल्यान्ड सरकारसित नेपाली युवायुवतीलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम दिलाउन सम्झौता गरेको छ । उक्त तालिम स्विस सरकारअन्तर्गतको इन्स्योर परियोजना र कोशी प्रदेशको सामाजिक विकास मन्त्रालयमार्फत् सञ्चालन भइरहेको छ । उद्योग संगठन मोरङले प्रशिक्षार्थी युवायुवतीलाई साढे १९ महिनाको प्रयोगात्मक अभ्यासका लागि सहजीकरण गरिरहेको छ ।

# कोशी प्रदेश, सामाजिक विकास मन्त्रालयको औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिशीप) कार्यक्रम सम्बन्धी आ.व. २०८१/०८२ को प्रस्तावित कार्यक्रम

## १. औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिशीप) कार्यक्रम सम्बन्धी जानकारी

- अप्रेन्टिशीप कार्यक्रम प्राविधिक शिक्षालय र उद्योग/व्यवसाय दुवै स्थानमा सिकिने पद्दति हो । त्यसैले यो कार्यक्रमलाई दोहोरो सिकाई प्रणाली Dual VET पनि भानिन्छ । शिक्षालयमा प्रशिक्षार्थीहरुले सैद्धान्तिक र प्रयोगात्मक ज्ञान आर्जन गदछन् भने उद्योग/व्यवसायको अनुभवी जनशक्तिको प्रत्यक्ष मातहतमा रही दैनिक उत्पादन प्रक्रियामा सहभागी हुदै सीप र कार्यस्थलको अनुभव प्राप्त गर्दछन ।
- अप्रेन्टिशीप कार्यक्रममा समावेस हुनको लागि १६ वर्ष उमेर पूरा गरेको नेपाली नागरिक हुनु पर्दछ भने शैक्षिक योग्यताको हकमा SLC उत्तीर्ण वा SEE मा सहभागी भै जुनसुकै ग्रेड प्राप्त भएको वा कुनै ग्रेड नपाएकाले (NG) भएकोले पनि फाराम भर्न पाउने ।
- अप्रेन्टिशीप कार्यक्रम २४ महिनाको हुनेछ र सो अवधिमा प्रशिक्षार्थीहरुले करिब ३.५ महिना शिक्षालयमा सैद्धान्तिक र प्रयोगात्मक ज्ञान आर्जन गर्छन् भने करिब १९.५ महिना सम्बन्धित उद्योग/व्यवसायमा व्यावहारिक सीप र कार्यस्थलको अनुभव प्राप्त गर्दछन् । यो अवधीमा हप्ताको १ दिन शिक्षालयमा आएर थप सीप सिक्नु पर्दछ । त्यसै गरी अन्तिम १ महिना पुनः शिक्षालयमा आएर सिक्न बाँकी रहेको सीप सिक्ने र परीक्षाको तयारी समेत गर्नुपर्दछ ।
- सामान्यतयाः प्रशिक्षार्थीहरुले औद्योगिक अभ्यासको अवधिमा दिनको ८ घण्टा काम गर्नुपर्ने भएतापनि उद्योग/व्यवसायले आवश्यक परेको खण्डमा आपसी समझदारीमा केही समय हेरफेर गर्न सक्नेछ । दैनिक कार्य समय उद्योग/व्यवसायको आवश्यक्तानुसार नै हुनेछ ।
- प्रशिक्षार्थीहरुले औद्योगिक अभ्यासको क्रममा न्यूनतम् पारिश्रमिक ज्यालाको कम्तिमा २५ % प्रोत्साहन रकमस्वरूप प्रत्येक महिना उद्योग/व्यवसायबाट प्राप्त गर्दछन ।
- अप्रेन्टिशीप कार्यक्रमको २४ महिनामा शिक्षालय र उद्योग/व्यवसायले संयुक्त रुपमा ६ महिनाको अन्तरालमा तीन पटक आन्तरिक मूल्यांकन गर्नेछ भने अन्तिम मूल्यांकन प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद (CTEVT) परीक्षा नियन्त्रण कार्यालयले मुल्यांकन गरी उत्तीर्ण प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान गर्ने गर्दछ ।
- कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेपछि प्रशिक्षार्थीहरुले प्रि-डिप्लोमा तहको प्रमाणपत्र प्राप्त गर्दछन ।
- अध्ययन छोडेर बसेका र सीप सिकेर रोजगारी गर्ने सोंचाई भएका युवाका लागि अप्रेन्टिशीप कार्यक्रम उपयुक्त रहेको ।

## २. कोशी प्रदेश, सामाजिक विकास मन्त्रालय बाट आ.व. २०८१/०८२ मा निम्न विषयहरुमा अप्रेन्टिशीप कार्यक्रम संचालन हुने :

| क्र.सं | शिक्षण संस्थाको विवरण | पढाइ हुने विषय | कोटा | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | आदर्श माध्यमिक विद्यालय विराटनगर महानगरपालिका, मोरङ | Information Technology | ३० | इन्द्र बहादुर चौहान | ९८५२०२७४३७ |
| | | Early Childhood Development Facilitator (ECDF) | ३० | | |
| २ | शैलजा आचार्य स्मृति पोलिटेक्निक जहदा गाउँपालिका, मोरङ | Information Technology | २० | सन्त बहादुर अधिकारी | ९८०२७२२२०९ |
| ३ | नर बहादुर कर्माचार्य स्मृति प्रतिष्ठान इटहरी उपमहानगरपालिका, सुनसरी | Hotel Management | ३० | बहादुर सिंह तामाङ | ०२५५८०७३३ |
| ४ | राष्ट्रिय माध्यमिक विद्यालय इटहरी उपमहानगरपालिका, सुनसरी | Early Childhood Development Facilitator (ECDF) | २० | सरन बस्नेत | ९८५२०४२९९९ |
| ५ | मनमोहन स्मृति पोलिटेक्निक बुढीगंगा गाउँपालिका, मोरङ | Mechanical Engineering | २० | लोचनराज न्यौपाने | ०२१६९१०९६ |
| | | Electrical Engineering | २० | | |
| | | Information Technology | २० | | |
| | | Automobile Engineering | २० | | |
| ६ | मोहनमाया माध्यमिक विद्यालय विर्तामोड, झापा | Early Childhood Development Facilitator (ECDF) | ३५ | शेर बहादुर श्रेष्ठ | ९८२४०१२०२६ |
| ७ | कन्काई पोलिटेक्निक कन्काई नगरपालिका, झापा | Information Technology | ३० | खगेन्द्र मिश्र | ९८५२६३०११३ |
| | | Civil Engineering (Building Construction) | २० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | पुष्पधिरेन्द्र स्मृति प्रतिष्ठान<br>दमक, झापा | Information Technology | ३० | यम बहादुर राई | ९८५२६७०५१७ |
| ९ | गणेशमान सिंह प्रतिष्ठान<br>प्राविधिक तथा व्यावसायिक शिक्षालय<br>शिवसताक्षी नगरपालिका, झापा | Information Technology | २० | आदित्य मेहता | ९८०१४४९६५६<br>९८०८८८८६१० |
| १० | रत्नकुमार वान्तवा बहुप्राविधिक शिक्षालय<br>इलाम | Tea Technology | ३० | होम नाथ अधिकारी | ९८४८०२६५१५ |
| ११ | दुर्गा माध्यमिक विद्यालय<br>उर्लाबारी, मोरङ | Civil Engineering (Building Construction) | २५ | सुमन अधिकारी | ९८५२०४२२८८ |
| | **जम्मा** | | ४०० | | |

### ३. आवेदन फाराम साथ सम्बन्धित शिक्षालयमा पेस गर्नुपर्ने आवश्यक कागजातहरू :

क. स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति रंगीन फोटो,

ख. SLC/SEE वा सो सरहको शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

ग. नेपाल बाहेक अन्य मुलुकबाट SLC/SEE वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि ।

### ४. छनौट प्रकिया सम्बन्धी कार्यक्रम :

क. आवेदन फाराम वितरण गर्ने मिति : २०८१ असोज ४ गते देखि ।

ख. आवेदन फाराम पाउने र बुझाउने स्थान : सम्बन्धित शिक्षालयहरू वा परिषद्को **वेबसाइट** https://www.ctevtexam.org.np वा https://www.ensure.org.np बाट डाउनलोड गरी फाराम निःशुल्क भर्न सकिनेछ ।

ग. आवेदन फाराम बुझाउने अन्तिम मिति : २०८१ कार्तिक ६ गतेसम्म ।

घ. लिखित प्रवेश परीक्षा हुने मिति र समय : २०८१ कार्तिक १० गते, शनिबार, बिहान ८:०० बजे

ङ. लिखित प्रवेश परीक्षा संचालन हुने स्थान : सम्बन्धित शिक्षण संस्था/शिक्षालयहरू

च. अन्तरवार्ता हुने मिति र समय : २०८१ कार्तिक १० गते, शनिबार, दिउँसो १:०० बजे सुरू हुने

छ. अन्तरवार्ता संचालन हुने केन्दहरू : सम्बन्धित शिक्षण संस्था/शिक्षालयहरू

### ५. औद्यौगिक प्रशिक्षार्थी (Apprentice) ले पाउने सुविधा :

क. निःशुल्क अध्ययनको अवसर ।

ख. यातायात खर्च वापत प्रति प्रशिक्षार्थी प्रति हाजिरी दिन रू. १००/- का दरले उपलब्ध हुने ।

### ६. उत्तीर्ण सुचिमा रहने प्रशिक्षार्थीका सम्बन्धमा :

लिखित तथा अन्तर्वार्तामा जुन कार्यक्रमका लागि सम्मिलित भएको हो त्यहि कार्यक्रममा मात्र योग्यता क्रमानुसार भर्ना हुन सक्नेछ । तर अन्य कार्यक्रममा भर्ना हुन पाउने छैन ।

**नोटः** विद्यार्थी छनौट प्रकृयामा सफल गराई अध्ययनको अवसर प्रदान गराइ दिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न खोजेमा त्यसप्रति पूर्ण सचेत रही प्रशिक्षार्थी छनौट प्रकृया मर्यादित एवं निष्पक्ष रूपमा संचालन गर्न गराउन सम्बन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा आफूले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था वा CTEVT को प्रदेश कार्यालय इटहरी-सुनसरी र CTEVT को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

यो सूचना CTEVT को वेबसाइट https://www.ctevtexam.org.np वा https://www.ensure.org.np वा https://mosd.koshi.gov.np मा पनि हेर्न सकिनेछ ।

| **कार्यान्वयनः** | **थप जानकारीको लागि सम्पर्कः** | | **प्राविधिक सहयोगः** |
|---|---|---|---|
| प्रदेश सरकार<br>सामाजिक विकास मन्त्रालय<br>कोशी प्रदेश, विराटनगर | सामाजिक विकास मन्त्रालय<br>फोन नं.: ९८४२०७०९९८<br>विराटनगर | परियोजना सहयोग इकाइ<br>फोन नं.: ०२१-४६३५०४<br>विराटनगर | HELVETAS Nepal |